जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४० अंक ३९ २०७९ साल वैशाख १८ गते आइतवार (1 May 2022 Sunday) मूल्य रु. ७/-

बालविवाह सामाजिक र कानूनी अपराध हो।

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : लोसपाको घोषणापत्रः ज्येष्ठ ... पृष्ठ ३ मा : विसङ्गत राजनीति सुधारको ... पृष्ठ ४ मा : तीन तहका सरकारको ... पृष्ठ ५ मा : युक्रेनसँग वार्ता अगाडि ...

# दाइजोकै कारण परिवारबाटै निर्घात कुटिइन् लक्ष्मी

**राजविराज**/सप्तरीकी एक महिला दाइजोकै कारण परिवारबाटै निर्घात कुटिएकी छिन् । जिल्लाको रुपनी गाउँपालिका ६ बिरेन्द्र बजारकी २७ वर्षिया लक्ष्मी भगत आफ्ना पति संजिव, ससुरा शिवदयाल, सासु सीता, जेठानी अन्जु र नन्द रन्जुबाट निर्घात कुटिएकी हुन् ।

थप दाइजो नल्याएको तथा प्रहरी र अदालतसम्म न्यायका लागि पुगेको निहुमा परिवारजनबाट निर्घात कुटिएपछि घाइते भएकी उनको स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

परिवारजनको कुटाईबाट उनको घाँटी, ढाड, पाखुरा, टाउँको लगायत शरीरभरि चोट लागेको छ । उनलाई प्लास्टिकको पाइप, लाठी र मुड्कीले कुटपिट गरिएको हो ।

कुटाईबाट शरीरको विभिन्न भागमा गहिरो चोट देखिएकाले चिकित्सकले थप उपचारका लागि बाहिर लैजान सल्लाह दिएको बुबा राजेन्द्र साहले बताए ।

रौतहट जिल्लाको माधवनारायण नगरपालिका माइत भएकी लक्ष्मीको बिरेन्द्र बजारमा रहेको भगत पेट्रोल पम्पका संचालक संजिवसँग चार वर्षअघि विवाह भएको थियो ।

विवाहको केही महिनापछि नै परिवारबाट थप दाइजोका लागि यातना दिन सुरु भएको उनको भनाई छ । विहेमा सात धुर जग्गा बेचेर दाइजो दिएको बताउँदै लक्ष्मीका बुबा राजेन्द्रले भने, थप दाइजो माँग भई आएको र आफ्नो हैसियतले नभ्याउने जवाफ फर्काए पछि छोरीमाथी यातना दिने क्रम बढ्दै गएको हो ।

निरन्तरको यातना सहन नसकेपछि उनी सप्तरी जिल्ला अदालतमा घरेलु हिंसा सम्बन्धी मुद्दा गर्न पुगेकी थिइन् । उक्त मुद्दामा २०७८ पुस १९ गते अदालतले अन्तरिम संरक्षणात्मक आदेश जारि गरेको थियो । आदेलतको आदेश अनुसार लक्ष्मीलाई प्रहरीले सुरक्षित साथ बस्ने गरि केही दिन अघि मात्र गृह प्रवेश गराएको थियो । तर त्यसपछि विपक्षि बनाइएका परिवारका सदस्यहरु झन उग्र रुपमा प्रस्तुत भएको लक्ष्मीको भनाई छ ।

अदालतको आदेशपछि गृह प्रवेश पाएकी छोरीमाथी पहिले भन्दा पनि झन यातनाको क्रम बढ्यो, बुबा, राजेन्द्रले भने, अब कसरी र कहाँ न्याय पाउने ? पीडित महिलालाई निशुल्क कानुनी सहायता प्रदान गरिरहेकी मधेश प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यलय राजबिराजकी कानुनी अधिकृत अधिवक्ता किरण साहले विभिन्न बहानामा लक्ष्मी माथी भएको हिसां विरुद्ध आफु अधि बढेको र पिडितलाई न्याय मिल्ने विश्वास व्यक्त गरिन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले कुटपिटमा संलग्न पिडित महिलाका पति संजिबलाई विहिबार पक्राउ गरिएको जानकारी दिदै उनका ससुरा शिवदयाललाई भने अस्वस्थ्य रहेका कारण तारेखमा छाडिएको बताए ।

डढेलोबाट बचौ र बचाऔ ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मधेसका ५० प्रतिशत बढी मतदानस्थल अतिसंवेदनशील

**जनकपुरधाम**/मधेस प्रदेशका ५० प्रतिशतभन्दा बढी मतदान केन्द्रलाई अतिसंवेदनशील सूचीमा राखिएको छ । मधेसका आठवटै जिल्ला भारतीय सीमासँग जोडिएकाले सुरक्षा चुनौतीलाई विश्लेषण गरी निर्वाचन आयोगले प्रदेशका एक हजार ६३ मतदान केन्द्रलाई अतिसंवेदनशीलको सूचीमा राखेको हो ।

यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनमा मधेसका अतिसंवेदनशीलको सूचीमा राखिएका मतदान केन्द्रमा त्यहीअनुरुपको सुरक्षा व्यवस्था मिलाइएको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रहरी नायब महानिरीक्षक उमेश रञ्जितकारले जानकारी दिए । विगतको निर्वाचनमा भएको निर्वाचन बिथोल्ने घटना, झडप र राजनीतिक असमझदारीजस्ता विषयलाई विश्लेषण गरी जिल्लास्थित सुरक्षा समितिले गरेको सिफारिसअनुसार नै निर्वाचन आयोगले मतदान केन्द्रलाई अतिसंवेदनशील, संवेदनशील र समान्य गरी वर्गीकरण गरेको उहाँले बताए ।

यस्तै मधेसका ८२८ मतदानस्थलदाई संवेदनशील र २१२ मतदानस्थललाई समान्यको सूचीमा राखिएको छ । प्रदेशमा दुई हजार १६३ मतदानस्थलमा चार हजार १८९ मतदान केन्द्र निर्धारण गरिएको छ । निर्वाचन हुनु ७२ घण्टाअघिदेखि सीमानाका पूर्णरूपमा बन्द गरिनुका साथै सीमाक्षेत्रमा सुरक्षा निगरानी बढाउने योजना रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

स्थानीय तह निर्वाचनलाई दृष्टिगत गरी स्थानीय प्रशासनले इजाजतप्राप्त हतियार बुझाउन गरेको सूचनाबमोजिम मधेस प्रदेशमा १३६ हातहतियार बुझाइएको छ । प्रदेशका आठवटै जिल्ला प्रशासन कार्यालयले चैत मसान्तभित्र इजाजतप्राप्त हातहतियार बुझाउन सूचना जारी गरेको थियो । सोही सूचनाका आधारमा हातहतियार राख्न पाउने इजाजत लिएका व्यक्तिले नजिकको प्रहरी कार्यालयमा हातहतियार बुझाएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# अज्ञात हतियारधारी समूहद्वारा डकौती

**राजविराज**/अज्ञात हतियारधारी समूहले सप्तरीको सुरुङ्गा नगरपालिकामा बिहीबार राती एक घरमा डाका गर्दै लुटपाट गरेका छन् ।

सो नगरपालिका वडा नं. ७ स्थित मिथिलेश मिश्रको घरमा ६ जनाको समूहमा आएका नकावधारी समूहले ६ लाख बराबरको गरगहना लुटेर लगेको प्रहरीले जनाएको छ ।

घरमा मिश्रको छोरा बुहारी र बच्चा सुतिरहेको अवस्थामा डाकाहरुले खुकुरी, बन्दुक देखाएर सुन चाँदीको गरगहना लुटेर लगेको इलाका प्रहरी कार्यालय कडरवोनाका प्रहरी निरीक्षक बालिष्टर सिंहले जानकारी दिए ।

मास्क तथा कपडाले मुख छोपी खुकुरी र बन्दुक जस्तै देखिने हतियार देखाएर ६/७ जनाको

*बाँकी अन्तिम पृष्ठमा*

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# जानकारीका साथ बैदेशिक रोजगारीमा जानु उपयुक्त

वैदेशिक रोजगारका लागि विदेशिनेहरुको संख्या निनहुँ बढ्दो छ । नेपालमा गरीबी र रोजगारीको अभावका कारण विदेशिनेहरुको संख्यामा दिनानुदिन वृद्धि हुँदै गएको छ । तर, रोजगारीका लागि विदेशिनु कतिको सुरक्षित छ वा छैन भन्ने बारेमा ध्यान समेत पुऱ्याउनु आवश्यक छ ।

वैदेशिक रोजगारलाई सुरक्षित एवं उपलब्धिपूर्ण बनाउने उद्देश्यले सामी हेल्भिटास नामक दातृ निकायको सहयोगमा सप्तरी जिल्लास्थित गैरसरकारी संस्थाहरुले परियोजनाहरु संचालन गरिरहेका छन् । ती संस्थाहरुद्वारा उक्त परियोजना अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिरहेका छन् । सूचना केन्द्र स्थापना गरेर विदेश जानेहरुलाई सुसूचित गर्ने कार्यक्रम होस् वा देश परदेश नामक रेडियो कार्यक्रमका मार्फत सचेतना फैलाउने काम होस्- यसबाट विदेश जानेहरु कसरी आफ्ना वैदेशिक रोजगारी सुरक्षित बनाउन सक्छन् भन्ने सन्देश दिइएको छ। यसका अलावा कार्यक्रम संचालित पालिकामा रेडियो श्रोता क्लव गठन भई यसबाट सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि छलफल गरिनुले विदेश जानेहरु यसबाट अत्यन्तै लाभ उठाएका छन् । वैदेशिक रोजगारीमा जानेहरु पर्याप्त सूचना र जानकारी लिएर नजाँदा एजेन्टबाट वा रोजगारदाताबाट ठगिने जस्ता घटनाहरु विगतमा नभएका होइनन्। तर, अहिले आएर पर्याप्त सूचना र जानकारी प्राप्त गरेर वैदेशिक रोजगारीमा जाने गरेकाले ठगिने घटनामा भने न्यूनता आउन थालेको छ ।

तसर्थ विदेश पुगेर ठगिनुभन्दा वैदेशिक रोजगारी सम्बन्धि सम्पूर्ण जानकारी प्राप्त गरी रोजगारमा जानु उपयुक्त हुनेछ । यसका साथै वैदेशिक रोजगारीमा जाँदा दक्ष कामदारका रुपमा सीप सिकेर जानु अत्यन्त सही हुनेछ ।

# लोसपाको घोषणापत्र: ज्येष्ठ नागरिकको घरमै गएर महिनाको एक पटक स्वास्थ्य परीक्षण



**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को स्थानीय निर्वाचन केन्द्रीत घोषणा पत्र सार्वजनिक भएको छ ।

शुक्रबार पार्टी कार्यालय बबरमहलस्थित पार्टी कार्यालयमा आयोजित कार्यक्रममा अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो लगायतका नेताहरुले घोषणापत्र सार्वजनिक गरेका हुन् ।

घोषणापत्रमा हरेक वडामा सामान्य उपचारका साथै प्रसूति, सर्पदंश र हृदयघातबाट बचाउन सकिने सुविधा सहितका वडा स्वास्थ्य उपचार केन्द्रको स्थापना गरिने उल्लेख छ ।

हरेक पालिकामा प्याथोलोजी, प्रसूति गृह, मुटुसेवा र आपतकालीन सेवा सहितको कम्तिमा २५ शैयाको उच्च प्रविधियुक्त गुणस्तरीय अस्पताल स्थापना गरिने र भएको अस्पताललाई आधुनिक बनाइने उल्लेख छ । वडा र पालिकास्तरका अस्पतालहरुलाई प्रादेशिक र केन्द्रीय अस्पताहरूसँग जोडिने पनि घोषणापत्रमा उल्लेख छ ।

सरकारी छात्रवृत्ति र अन्य सामाजिक सहयोगले चिकित्सक भएकाहरूलाई ग्रामीण र दुर दराजका अस्पतालहरूमा अनिवार्य सेवा गर्नुपर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइने लोसपाले जनाएको छ ।

बालबालिकालाई घरमै गएर नियमित खोपको व्यवस्था गरिने, ज्येष्ठ नागरिकका लागि घरमै गएर कम्तिमा महिनाको एक पटक स्वास्थ्य परीक्षण गरिने र हरेक वडामा कम्तिमा दुईवटा एम्बुलेन्ससहित ग्रामीण एम्बुलेन्स सेवाको विस्तार गरिने पनि घोषणापत्रमा उल्लेख छ ।

सहज र तनावरहित स्वास्थ्य उपचारको उद्देश्यले हरेक नागरिकका लागि अनिवार्य स्वास्थ्य बिमाको व्यवस्था गरिने साथै आयुर्वेदिक चिकित्सा पद्धतिलाई थप विस्तार र प्रभावकारी बनाइने घोषणापत्रमा उल्लेख छ ।




बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विसङ्गत राजनीति सुधारको मधेस अलमल: लोकतन्त्रीय चुनौती

*- देवीदत्त शर्मा*

मधेस प्रदेशको राजधानी जनकपुरमा बसेर स्थानीय तह निर्वाचनको राजनीतिक जोडघटाउ केलाउँदा सपाट उत्तर निस्किँदैन । स्थानीय तहको उम्मेदवारी मनोनयनसँगै ३४ डिग्री सेल्सियस सम्मको गर्मीले आक्रान्त पुरै मधेस प्रदेशलाई निर्वाचनले अरू गर्मिलो बनाइदिएको छ । पद दोहोऱ्याउन र पद पाउन पार्टी फेर्ने र स्वतन्त्र उठ्ने धम्की मात्र होइन, माथिसम्म आर्थिक मोलाहिजाका उपक्रमहरू व्याप्त छन् । आर्थिक सम्मोहनले गर्दा जनतामा भिजेका र काम गर्ने नेतृत्व क्षमता भएकाहरूलाई पाखा पार्ने र नेतृत्व लाद्ने डरलाग्दो गैरलोकतान्त्रिक पार्टी संस्कृति मधेसमा अझ पेचिलो देखिन्छ ।

संघीय गणतान्त्रिक संविधान पछिको यो दोस्रो स्थानीय निर्वाचनमा नेतृत्व दोहोऱ्याउन चाहनेहरू र तिनलाई विभिन्न बाध्यताले बोक्ने पार्टी नेतृत्वले नै मूलतः लोकतन्त्रको धज्जी उडाइरहेका छन् मधेसमा । यसैपनि मधेस राजनीतिमा जनराजनीतिक दायित्वभन्दा निरपेक्ष पदीय आकांक्षा मूल समस्या हो । त्यसमाथि संघीय संरचनाले स्थानीय तहलाई निर्णय र साधनस्रोतको दृष्टिले बलियो बनाइदिएको छ । एकपटक त्यो अधिकार लिइसकेकाले अहिले करोडौं खर्च गरेर भए पनि त्यही अधिकार लिइराख्न चाहनु त्यसैको प्रतिफल हो । यसो भन्दैमा राजनीतिक आमूल परिवर्तनले स्थापित गरेको बलियो प्रदेश-स्थानीय सङ्काय विकृतिपूर्ण छ भन्ने होइन, त्यहाँ नेतृत्व लिनेको होडबाजी र तिनको वैचारिक वा व्यवस्थापकीय क्षमतामाथि भने गहिरो प्रश्न हो ।

कोही पदमा दोहोरिन चाहन्छ भने पहिलो त त्यसको जनमूल्याङ्कन हुनुपर्छ । दोस्रो सम्बन्धित पार्टी कमिटीगत मूल्याङ्कन हुनुपर्छ । तेस्रो त्यहाँ दुई वा दुई भन्दा बढी पार्टीहरू मिलेर गएका छन् भने साझा मूल्याङ्कन हुनुपर्छ । मूल्याङ्कनमा ऋणात्मक हुने तर पद ओगटिरहने वा 'देखाउनका लागि देखाइदिने' प्रवृत्तिले नै मधेसमा दलबदल ब्यापक छ । वा आर्थिक मोलाहिजा व्यापक छ । स्वतन्त्र उम्मेदवार भएर देखाइदिने महत्त्वाकाङ्क्षा पनि व्यापक छ ।

दलबाटै उठ्नु, दल फेरेर उठ्नु, स्वतन्त्र भएर उठ्नु, पुरानै उठ्नु या नयाँ उठ्नु, जनअनुमोदित हुन्छौं भन्नेलाई संविधानतः रोकटोक गर्न मिल्दैन । तर निर्वाचनको नाममा यस्तै प्रवृत्ति मौलाइरहने हो भने सामुदायिक विकासको संघीय प्राथमिकता सम्पूर्णतः ओझेलमा पर्नेछ । स्रोत र पहुँच भएकाहरू मात्रै स्थानीय नेतृत्व भएर आएपछि र नेतृत्व भएर पनि तिनले थप स्रोत र पहुँच मात्र प्राप्त गर्न खोजेपछि, विकासका दृष्टिले सबैभन्दा मानवीय सुधार हुनुपर्ने मधेसलाई कहाँ पुऱ्याउला ?

पर्सादेखि सप्तरी सम्मको मधेस प्रवृत्तिलाई नियाल्दा जनता तहमा परिवर्तनको अकल्पनीय हुटहुटी देखिन्छ । तर नेतृत्व हौं भन्नेमा जनतालाई गुमराह गर्ने प्रपञ्च मात्र देखिन्छ । स्थानीय निर्वाचन प्रचार अभियानमा पनि त्यही प्रवृत्ति छ । संघीयताको सबैभन्दा बढी बलिदानी लडाइँ लडेको मधेसले आर्थिक दोहन गर्ने प्रकृतिका सामान्य विकासबाहेक के पायो ? विकासको परिणाम देखिन्थ्यो भने मानवीय सूचकाङ्कमा वार्षिक एक अङ्कको सुधार पनि किन भइरहेको छैन ? आम सचेत र बौद्धिकहरूले प्रश्न गर्नुपर्ने बेला यही हो ।

ती विशाल खेती, खेतीभन्दा टाढा टाढा गाउँमा झुरुम्म बस्ती, मधेसमा खानाको के दुःख ? त्यसमा बाटो, बिजुली, खानेपानी र सिँचाई थपिदिए अरू विकास के चाहियो ? गाडीको झ्यालमा बसेर हाइवेबाट मधेसलाई दायाँबायाँ हेर्दा आउने सजिलो सोचाइ यही हो । तपाईं हाइवेमा झरेर एक, दुई, तीन किलोमीटरसम्मको उत्तर-दक्षिण यात्रा तय गर्नु त, अझ भारतको सीमासम्मैको दक्षिण यात्रा गर्नु भो भने मधेसी गरिबीको कारुणिक जालो देख्नुहुन्छ ।

मधेसमा सालाखाला प्रतिसय परिवारमा एक परिवारको रोजीरोटी सहज चलेको होला । प्रतिहजार परिवारमा एक जमिन्दारले रजाइँ गरेको होला । जमिनमा आश्रित बहुसङ्ख्यक मधेसीको जमिन नै छैन । फुस बाहेकको घर नै छैन । गर्मीमा मच्छड, किराफट्याङ्ग्रा र सर्पले अति पिरोल्छ भने जाडोमा शीतलहरले । संघीय लोकतन्त्रमा घुर ताप्ता ताप्दै अक्सिजन नपुगेर वा डेंगु, मलेरिया र सर्पदंशबाट वार्षिक हजारौं गरिब, दलित र भूमिहीन मधेसी मृत्युवरण गर्न विवश छन् । सिरहा र रौतहट जस्ता जिल्ला त साक्षरता र विकासका अरू सूचकाङ्कमा कर्णालीभन्दा तल छन् । जमिनमा जोत्नेको स्वामित्व हुनुपर्ने, शिक्षालाई कृषि, विज्ञान र प्रविधिसँग जोड्नुपर्ने, सिँचाइ, बाटो, विद्यालय र अस्पताल जस्ता विकासलाई व्यापारीकरण होइन, सामुदायीकरण गरिनुपर्ने सोच हाबी नभईकन मधेसले जति नै राजनीतिक परिवर्तन भए पनि केही पाउने छैन ।

संघीयताले समेत मधेसको आमूल सुधारको कुनै खाका नदिएपछि मधेसी निम्न वर्गमा नैराश्य बढ्दो छ । संघीयता मधेसका धनी, उपल्लो जातीय र पहुँच भएकाहरूले मात्र राजनीतिक लाभ लिने पद्धति भएको छ । सत्ताको केन्द्र उही भएको छ, जो पञ्चायतकालदेखि नै थियो । मधेसका वास्तविक भूमिपुत्र, बहुसंख्यकमा रहेका भूमिहीन र दलितमा सत्ता र सुविधा नपुगेसम्म मधेसको परिवर्तन हुँदैन । तर त्यहाँ सत्ता पुऱ्याउने नीति एक दुईजना तालुकको हातमा छ । बजेट त मूलतः विकेन्द्रित नै छ तर मधेसको गाउँ-नगर विकेन्द्रित बजेट कुन योजनामा खर्च हुन्छ, सायद मुख्यमन्त्री लालबाबु राउतलाई नै थाहा छैन । छोरीलाई साइकल बाँड्ने योजनामा समेत भ्रष्टाचार भएको तथ्य यहाँ स्मरणीय छ ।

सीके राउतले गरेको किसान आन्दोलन भूमिहीनलाई भूमिको हक दिलाउन होइन, जमिन्दारको पक्षमा हो । त्यो आन्दोलन किसानको पक्षमा हुन्थ्यो भने त्यसले वास्तविक किसानले गरिखाने जमिन पाउनैपर्ने नारा उद्घोष गर्थ्यो । मधेस टुक्राउने नारा ल्याएर र धनुषा र सप्तरीतिर अलिअलि जमिनदार किसानको पक्षमा हल्ला चलाएर स्थानीय चुनाव जितिने भ्रममा छन् राउत । तर मधेसमा न उनीप्रति कुनै आकर्षक छ, न उनका नाराप्रति । चुनावको दिनसम्ममा आफ्ना धेरै उमेदवारलाई निष्क्रिय बनाएर केहीलाई ओली एमालेको सहयोगमा जिताउने रणनीतिमा छन् उनी ।

गएको स्थानीय चुनावमा एक ढिक्को हुँदा त पाँचौं हैसियतमा रहेको एमाले अहिले फुटेर प्रदेश जनप्रतिनिधित्वको दृष्टिले मधेसमा एकीकृत समाजवादीभन्दा सानो हैसियतमा खुम्चिएको छ । तैपनि मधेसवादी, काँग्रेस र माओवादी केन्द्रका कतिपय बहालवाला जनप्रतिनिधिहरू एमालेमा प्रवेश गरे । ती एउटै सर्तमा प्रवेश गरे, त्यो हो पुनः टिकट पाउने लालसा । एकछिनका लागि यसलाई ओलीको व्यक्तित्व वा पार्टी क्रेज मानिएला । तर जुनकुनै पार्टी परित्याग गरेर आओस्, त्यसलाई सम्बन्धितको आग्रह वा चाहनाअनुसार टिकट दिइहाल्ने एमालेको कस्तो बाध्यता ? पार्टीकै समर्पितहरू आक्रोशित हुने गरी आयाराम गयारामलाई टिकट दिएर मधेसमा आफ्नो उपस्थितिगत

*बाँकी पाँच पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

अनुरोधकर्ता

**राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

अनुरोधकर्ता

**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

# तीन तहका सरकारको प्राथमिकता स्वास्थ्यमा हुनुपर्छ



**डा रोशन पोखरेल, स्वास्थ्य सचिव**

संघीय संरचनाअनुसार तीन तहको सरकारले काम सुरु गरेपछि स्वास्थ्य क्षेत्रमा सबैभन्दा पेचिलो विषय नै कर्मचारी समायोजनको बन्यो। यो काम अझै पनि पूर्ण रुपमा टुंगिइसकेको अवस्था छैन। समायोजनका क्रममा धेरैले घरपायक र संघमा समायोजन खोज्न थाल्नुभयो। हामीले पनि सुरुमै उचित ढंगले समायोजन गर्न सकेनौं। त्यसले गर्दा समायोजनले कठिनाइ ल्यायो। संघमा कर्मचारी हुने तर स्थानीय तहमा नहुने समस्या पनि देखियो। अर्को कुरा स्थानीय तहलाई नै आफैंले कर्मचारी नियुक्त गर्नुस् भन्दा उहाँहरुले पनि लिन सक्नुभएन। त्यसले गर्दा स्वास्थ्यका धेरै सूचकहरु संघीयतापछि ओरालो लागेको देखियो।

अहिले कोभिड महामारीपछि बल्ल सबैले संघीयता बुझ्दै गए। अहिले समन्वय हुन थालेको छ। पहिलेभन्दा व्यवस्थित हुँदै गएको छ। तर पनि धेरै कुराहरु मिल्न अझै बाँकी नै छन्।

आधारभूत स्वास्थ्य सेवा भनेको वडा तहबाट प्रदान गर्ने हो। हामीले अझै पनि बुझेका छैनौं। वीर वा टिचिङ अस्पतालमा कुनै बिरामी आएमा उसलाई दिने सेवा निःशुल्क हो कि होइन ? यस्ता अस्पतालमा आधारभूत सेवा प्रदान गर्ने कि नगर्ने ? विशिष्टिकृत सेवा दिने यी अस्पतालमा आधारभूत सेवा राख्ने कि नराख्ने ? यो विषयमा अझै प्रष्ट पार्न सकिएको छैन। जनताको बुझाइ यी अस्पतालमा उपचार निःशुल्क भन्ने छ। तर सरकारले बुझेको आधारभूत स्वास्थ्य सेवा स्थानीय तह र वडा तहमा दिने निःशुल्क सेवा हो। त्यसैका लागि धेरै स्थानीय तह र वडाहरुमा आधारभूत अस्पताल तथा स्वास्थ्यसंस्था निर्माण हुँदैछन्। आगामी आर्थिक वर्षमा पनि आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न अस्पतालहरु बनाउन बजेट विनियोजन गर्दैछौं।

यस्तै, आकस्मिक स्वास्थ्यबाट नागरिकले वञ्चित हुन नपरोस् भनेर मन्त्रालयले यसतर्फ पनि काम अगाडि बढाएको छ। आकस्मिक रुपमा जानुपर्ने अवस्थामा पैसाकै कारण कोही पनि उपचारबाट वञ्चित हुनु हुँदैन। उपचारको प्रक्रियामा यदि कोहीले पैसा तिर्न सक्छ भनेपछि उसले तिर्ने कुरा भयो तर तिर्न सक्दैन भने त्यस्ता बिरामीको उपचार खर्च सरकारले तिरिदिन्छ। अहिले हामीले संघीय अस्पताल र जिल्ला अस्पतालहरुमा मात्र आकस्मिक सेवा निःशुल्क गर्न सकेका छौं। यस्तै मेडिकल कलेजहरुलाई पनि आकस्मिक सेवा निःशुल्क गर्न भनेका छौं। यसरी उपचार सेवा दिने अस्पतालहरुलाई बिरामीको उपचार खर्चको भौचर अनुसार सोधभर्ना दिने हो। आकस्मिक सेवाको पहुँच बढाउदै छौं।

स्थानीय तहले काम नगरेको होइन, गर्नुभएको छ। काम नगरी उहाँहरुलाई पनि गाह्रो छ। किनकि आफ्नै घर, आफ्नै स्थानीय तहमा काम नगरी बस्न उहाँहरुले पनि सक्नुहुन्न। स्थानीय तहका उपमेयर तथा उपाध्यक्षले स्वास्थ्य र शिक्षामा बढी केन्द्रित हुने गरेको देखियो। तर मेयर तथा अध्यक्षको फोकस भने सडक बनाउनेतर्फ बढी केन्द्रित भएको देखियो। स्वास्थ्यको विषयलाई मेयर, उपमेयरलगायतका जनप्रतिनिधि सबैले प्राथमिकतामा राखेर हेर्नुपर्छ।

स्वास्थ्यका कार्यक्रम सुरुमै देखिने गरी आउँदैन। त्यसकारण सडक तथा पूर्वाधार निर्माणका काममा जनप्रतिनिधिहरुले बढी चासो दिएको जस्तो देखिन्छ। काम के गरेको छ भनेर देखाउन सडक तथा पूर्वाधारलाई देखाउन मिल्यो तर स्वास्थ्यका कुरा त्यसरी देखिने भएनन्। त्यो हुँदा पनि प्राथमिकता नदिएको हो कि भन्ने देखिन्छ।

अर्को कुरा स्थानीय तहले आफ्नो तरिकाले स्वास्थ्यसंस्था चलाउँछुभन्दा आर्थिक स्रोत व्यवस्थापनमा पनि केन्द्रित हुनुपर्छ। जिम्मेवारी लिन खोज्ने तर आर्थिक भार केन्द्रलाई मात्र पार्ने कुरा अलि मिलेको छैन।

स्वास्थ्यका विषयलाई जनप्रतिनिधिहरुले राजनीतिको विवादित विषय बनाउनु भएन। स्वास्थ्यका विषयहरु राजनीतिक दल तथा नेताको एजेन्डा हुनु राम्रो हो। उहाँहरुको मुख्य नारा नै स्वास्थ्यमा यो-यो परिवर्तन गर्छु, यो-यो सुधार गर्छु, स्वास्थ्यका क्षेत्रमा वा नागरिकको स्वास्थ्यमा गर्नुपर्ने कामको सूचीसहित प्राथमिकता हुनुपर्छ। तर यहाँ जनप्रतिनिधिको प्राथमिकता अरु विषयमा र स्वास्थ्यका विषयमा भने राजनीतिकरण गर्दै विवादित विषयमात्र बनाइने देखिएको छ।

स्थानीय तहमा स्वास्थ्यसंस्था बनाउने विषयमा पनि धेरै स्थानमा समस्या देखियो। केही वडामा पहिलादेखि नै अस्पताल छ भने त्यसलाई नै अपग्रेड गर्नुपर्छ। अहिले त जो राजनीतिक व्यक्तित्व हुनुहुन्छ उहाँले स्वास्थ्यसंस्था बनाउँदा पनि आफ्नो घरपायक बनाउन खोज्नुहुन्छ, भइरहेको हेल्थपोष्ट वा पुरानो स्वास्थ्यको संरचनालाई नै अपग्रेडभन्दा पनि आफ्नो नजिकै अर्को संस्था बनाउने भन्दै विवाद समेत गरेको देखिन्छ।

आधारभूत अस्पताल निर्माणको क्रममा समस्या देखिएको अर्को विषय भनेको जग्गा प्राप्तिको विषय हो। हामीले अहिले लिजमा भए पनि हुन्छ भनिदिएका छौं। राजनीतिक कलहले गर्दा स्वास्थ्यकर्मीलाई गाह्रो भइरहेको छ। हामीले आधारभूत अस्पताल बनाउन बजेट पठाए पनि राजनीतिक दलका स्थानीय नेताहरुको विवादले काम नभएको अवस्था पनि छ।

कतिपय स्थानीय तहले आफैं अग्रसर भएर जिम्मेवारी लिएर धेरैजस्तो ठाउँमा काम गर्नुभएको पनि छ। नगरपालिका तह र कतिपय गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा राम्रो काम गर्नुभएको छ। कतिपय ठाउँमा काम अगाडि बढ्न सकेको छैन। जुन स्थानीय तहले स्वास्थ्यलाई प्राथमिकतामा राख्नुभयो त्यहाँ राम्रो काम भएको छ। त्यहाँको स्वास्थ्यका सूचकहरु पनि राम्रो देखिएको छ। जहाँ जनप्रतिनिधिले स्वास्थ्यलाई ओझेलमा पारेर काम गरिरहनुभएको छ त्यहाँ स्वास्थ्यक्षेत्रको काम कम भएको देखिन्छ।

अबको निर्वाचनमा उठ्ने जनप्रतिनिधिले मुख्य कुरा त स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्छ। संविधान तथा कानुनले दिएका धेरै कुरा कार्यान्वयनमा ल्याउन उहाँहरुले आफ्नो स्थानीय तहमा स्वास्थ्यलाई केन्द्रमा राखेर काम गर्नुपर्छ। आधारभूत अस्पताल सञ्चालन गर्न सक्नुभयो र त्यसलाई प्रदेश र केन्द्रमा समन्वय गर्नुभयो भने आगामी चुनावहरुमा झनै जनताले साथ दिन्छन्।

महिला स्वास्थ्य स्वयंसेविकालाई अपग्रेड

*बाँकी अन्तिम पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता

**विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता

**तिलाठी कोइलाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तिलाठी, सप्तरी**

## विसङ्गत...

बचेको अस्तित्व मात्रै देखाउन चाहन्छ एमाले ।

आफ्ना पुराना नेता, कार्यकर्ताको अपेक्षा विपरीत आजको मधेसको संस्कृतिच्यूत र गिर्दो लोकतान्त्रिक अराजकता ओलीको वरिपरि केन्द्रित छ । मधेसको जनतामा प्रभाव भएका पार्टीले नपत्याएकाहरूले एमालेमा गएर चुनाव जित्लान् ? एमालेकै लागि अनुत्तरित प्रश्न हो यो । स्थिति यस्तो आयो भने रातारात जसले दलबदल गऱ्यो, तिनले एमालेबाट टिकट पाए । विचार, सिद्धान्त कताकता, अराजकहरूको बिच्छ्यौनास्थल भएको छ, मधेसमा एमाले पार्टी । मधेसविरोधी बिल्ला लागेको एमालेलाई त मधेसमा शक्ति आर्जन गरैं भन्ने पर्दा हो तर पूर्व सम्बन्धित पार्टी र जनताले नपत्याएर विरक्तिएकाहरूलाई पदासीन गराएर एमाले झन् झन् एक्स्पोज र कमजोर भएको छ । पार्टीगत अनुमोदन हुने परिस्थिति भए त एमालेले अराजनीतिक आशक्ति नै राख्ने थिएन ।

शक्तिका हिसाबले मधेसमा काँग्रेस मूलतः स्थायी सन्तुलन भएको शक्ति हो । जमिन्दार, टाठाबाठा र सर्वसाधारण जनमत प्रभावित गर्न सक्ने पहुँचवालाहरू काँग्रेसमा हमेसा छन् । तर

**शक्तिका हिसाबले मधेसमा काँग्रेस मूलतः स्थायी सन्तुलन भएको शक्ति हो । जमिन्दार, टाठाबाठा र सर्वसाधारण जनमत प्रभावित गर्न सक्ने पहुँचवालाहरू काँग्रेसमा हमेसा छन् । तर उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नै आजको मधेसको सापेक्ष बलियो पार्टी हो । मधेसविरोधी र प्रतिगामी बिल्ला लागेको ओलीको सत्तामा गमन गरेको र लाजै लाग्ने गरी सीमावारीको भन्दा पारीको एजेण्डाभक्ति गरेको आरोपले महन्त ठाकुरको लोसपा बहुतै खुम्चिएको छ ।**

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नै आजको मधेसको सापेक्ष बलियो पार्टी हो । मधेसविरोधी र प्रतिगामी बिल्ला लागेको ओलीको सत्तामा गमन गरेको र लाजै लाग्ने गरी सीमावारीको भन्दा पारीको एजेण्डाभक्ति गरेको आरोपले महन्त ठाकुरको लोसपा बहुतै खुम्चिएको छ ।

मधेसको चौथो ठूलो शक्ति माओवादी केन्द्रको जनमत स्थिर त छँदैछ, निर्णायक पनि छ । उसले जनयुद्धमा बाचा गरेको मुद्दा फेरि स्थापित गरोस् र त्यसले तरल दैनिक जीवनलाई संस्थागत गरोस् भन्ने मधेसको अपेक्षा छ । अझ मधेसको आम अपेक्षा के छ भने जनता समाजवादी, माओवादी केन्द्र र एकीकृत समाजवादीले बलियो गठबन्धन गरून् र गरिखानेलाई जमिनको मालिक बनाउने सहितका जनताका सामुदायिक विकास अनिवार्यता पुरा गरुन् । त्यसका लागि जनता समाजवादीले मधेसभित्रको जात राजनीतिलाई होइन, वर्गीय राजनीतिलाई लाभहानी नहेरीकन पक्रन तयार हुनुपर्छ ।

त्यस्तै माओवादी केन्द्रले गुट नहेरीकन जननीतिलाई एक नम्बर प्राथमिकतामा राख्नुपर्छ । र, एकीकृत समाजवादीले पद, सुविधा भन्दा बढी संगठनमा जोड दिनुपर्छ । स्थानीय चुनावमा भने मधेसमा सरकार गठबन्धन अनुसारको समग्र गठबन्धन कताकति मात्र भएको छ । गठबन्धनभित्रका दुई वा तीन दलको चुनावी तालमेल भने धेरैतिर भएको छ ।

माथि नै भनियो, काँग्रेस, कम्युनिस्ट वा मधेसवादी जो जो हुन्, दलफेरुवा र स्वतन्त्र नामका निम्न पुँजीवादी व्यक्तिगत महत्त्वाकाङ्क्षा मधेसको आम राजनीतिक प्रवृत्ति हो । त्यसका बाबजुद पनि मधेसले स्थानीय चुनावमा मूलतः प्रतिगमन र अस्थिरताविरोधी नेतृत्व अनुमोदन गर्ने आशा चाहिँ गर्न सकिन्छ । रातोपाटीबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनसँग वार्ता अगाडि बढाउन रुस सहमत

**मस्को**/रुसका विदेशमन्त्री सेर्गेइ लाभ्रोभले युक्रेनसँगको वार्ता फेरि अगाडि बढाउन सहमति जनाएका छन् । रुसको भ्रमणमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेससँगको भेटवार्तापछि उनले वार्ताका लागि रुस तयार रहेको जानकारी दिएका हुन् ।

भेटवार्तापछि दुवै जनाले संयुक्त रुपमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले युक्रेनसँगको वार्तालाई फेरि अगाडि बढाउने बारेमा सहमति भएको बताए ।

युक्रेनसँगको रुसको द्वन्द्व कूटनीतिक तरिकाबाट नै समाधान गर्नुपर्नेमा आफूहरू सहमत रहेको उनले स्पष्ट पारे । उनले आफ्नो तर्फबाट यसअघि पनि वार्ताको पहल भएको, पटक पटक वार्ताहरू पनि भएको तर युक्रेनकै कारणले वार्ता सफल हुन नसकेको दाबी गरे ।

आक्रमण भएको एक हप्ता नबित्दै पहिलो चरणको वार्ता भएको थियो । त्यसपछि पनि पटक पटक वार्ता भए पनि निष्कर्षमा पुग्न सकेका थिएनन् । तर पछिल्लो समयमा वार्ता नै अवरुद्ध भएको छ ।

रुसले युक्रेनमाथि आक्रमण गरेको दुई महिना पूरा हुँदासम्म पनि युद्ध अन्त्यका लागि ठोस संकट नदेखिएपछि राष्ट्रसंघीय महासचिव रुस आएका हुन् । उनले यसपछि युक्रेनको भ्रमण गर्ने तालिका छ ।

युक्रेन प्रस्थान गर्नुअघि रुसमा आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'म शान्ति प्रक्रियालाई अगाडि बढाउन मस्कोमा आएको हुँ, चाँडै नै शान्ति प्रक्रिया अगाडि बढ्ने विश्वास गरेको छु ।'

रुसी विदेशमन्त्री लाभ्रोभसँगको वार्ता अत्यन्त सकारात्मक र उपलब्धीमूलक भएको पनि उले जानकारी दिए । एजेन्सी

## भारतमा गहिरियो विद्युत संकट

**नयाँदिल्ली**/दिल्ली सरकाका उर्जा मन्त्री सत्येन्द्र जैनले हालै दिल्लीमा गहिरिँदै गएको विजुली संकटलाई लिएर एक पत्रकार सम्मेलन आयोजना गरे । पत्रकार सम्मेलनको दौरान जैनले भने,'अब दिल्लीमा उर्जा संयन्त्र बन्द भयो भने समस्या भोग्नुपर्नेछ ।'

भारतमा देखापरेको कोइलाको कमीका कारण अहिलेको समस्या आएको दावी गर्दै जैनले आगाडि भने ,'हामीसँग २१ दिनको कोइलाको ब्याकअप हुनुपर्ने थियो । तर अहिले धेरै उर्जा संयन्त्रसँग एक दिनको मात्र कोइला बचेको छ ।'

दिल्लीका उर्जा मन्त्री सत्येन्द्र जैनले यसअघि बिहीबार र शुक्रबार एक आपतकालिन बैठक बोलाएका थिए । स्थितिको सही आकलन गरेर केन्द्र सरकारसँग राजधानीको बिजुली आपूर्तिमा अवरोध नआउने गरी कोइलाको आपूर्तिलाई निरन्तरता दिन आग्रह गरिने बताइएको थियो ।

दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले पनि यो समस्या बारेमा एक ट्विट गरेका छन् ,' देशभरी बिजुलीको भारी समस्या भइरहेको छ । अहिलेसम्म दिल्ली सरकारले जसोतसो धानिरहेको छ । सम्पूर्ण भारतभर स्थिति निक्कै गम्भिर छ । हामी सबै मिलेर शीघ्र यसको समाधान निकाल्नुपर्नेछ । यो समस्यासँग जुध्न तत्काल ठोस कदम उठाउनु आवश्यक छ ।'

भारतमा दिल्लीका अतिरिक्त देशका अन्य हिस्सामा पनि बिजुलीको समस्या महसुस गरिएको छ । राजस्थानका मुख्यमन्त्रीले अशोक गेहलोटले पनि उर्जा संकटबारे ट्विट गरेका छन् । 'बढ्दो गर्मीका कारण देशका १६ राज्यमा बिजुलीको माग बढेको छ तर सोही अनुरुप कोइलाको आपूर्ति भइरहेको छैन ।

यस अवस्थामा बिजुली आपूर्ति नियमित गर्न सम्भव हुँदैन । यो एक राष्ट्रिय संकट हो । यो संकटको घडीमा सबै एकजुट भएर परिस्थितिलाई सुधार्नलाई सरकारलाई सघाउन म सबैका सामु अपिल गर्छु । घर तथा कार्यालयमा आवश्यकता नभएका बिजुली उपकरण बन्द राखौं । बिजुलीको उपभोग गरौं ।'

गेहलोटले भाजपाको प्रदेश संयन्त्रमाथि प्रश्न उठाउँदै भनेका छन् 'प्रदेश भाजपाका दिशाहिन नेतृत्वले १६ राज्यमा बिजुली काटिने अवस्था आउने गरी केन्द्र सरकारले कोइला उपलब्ध गराउन किन सकेन भन्ने प्रश्न किन गर्दैन ? '

राजस्थानका अतिरिक्त बिहारमा पनि बिजुली संकट उत्पन्न भएको छ । बिहारका उर्जामन्त्री बिजेन्द्रप्रसाद यादवले बताएअनुसार राज्यमा झण्डै १००० मेगावाट विजुलीको अभाव भएको छ । तर यो समस्या दुई चार दिनमा सल्ट्याईने र यस बिषयमा केन्द्र सरकारसँग कुराकानी भइरहेको यादवले भने । एजेन्सी

## अफगानिस्तानमा विस्फोटनबाट १० जनाको मृत्यु

**काबुल**/अफगानिस्तानमा पछिल्लो समय निरन्तर बम विस्फोटनका घटना हुन लागेका छन् । तत्कालीन विद्रोहीले सत्ता कब्जा गरेपछि शान्ति छाउने अपेक्षा गरिएकोमा अहिले पनि विस्फोटनका घटना फेरि बढ्न थालेका हुन ।

सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार अफगानिस्तानको संघीय राजधानी काबुलमा रहेको सुन्नी मस्जिदमा शुक्रबार अर्को विस्फोटन भएको छ । विस्फोटनमा परी कम्तीमा १० जनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ । अघिल्लो शुक्रबार पनि विस्फोटनको घटनामा परी मानवीय क्षति भएको थियो ।

पछिल्लो समय विषेश गरेर हरेक शुक्रबार विस्फोटनका घटना हुने गरेको पाइएको हो । यस शुक्रबार पनि साप्ताहिक नियमित प्रार्थना सकिएको केही समयपछि प्रार्थनास्थल मस्जिदमा विस्फोटन भएको हो । घटनामा परी कम्तीमा १५ जना घाइते भएको र उनीहरूको विभिन्न अस्पतालहरूमा उपचार भइरहेको अधिकारीहरूले जनाएका छन् । एजेन्सी

# डाक्नेश्वरी नगरपालिकालाई नमूना नगरपालिका बनाउने लक्ष्यका साथ चुनावी मैदानमा उत्रेको छु : चौधरी



**अमरकान्त चौधरी**
**लोसपाका तर्फबाट नगर प्रमुख पदका उम्मेदवार**
**डाक्नेश्वरी नगरपालिका, सप्तरी**

**“सप्तरीका दानवीर नामले प्रसिद्धी कमाएका साँसद चन्द्रकान्त चौधरीका छोरा हुन्, अमरकान्त चौधरी उनी बुबाकै प्रेरणाले राजनीतिमा होमिएका हुन । सप्तरीको डाक्नेश्वरी नगरपालिकामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को तर्फबाट अहिले उनी नगर प्रमुख पदमा उम्मेदवार बनेपछि सर्वाधिक चर्चामा छन् । एमविविएस (चिकित्सा शास्त्र) सम्मको पढाई सकाएर राजनीतिमा होमिएका ४१ वर्षिय अमरकान्त चौधरीसंग चुनावी सेरोफेरोमा गरीएको वार्तालाप यहाँ जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ ।”**

**राजनीतिमा किन आउनु भयो ?**

म संस्कारयुक्त र शिक्षित परिवारमा जन्मे हुर्केको मान्छे हुँ । मेरो परिचयमा बुवालाई छुटाउन पनि मिल्दैन । बुवाले यस नगरको मात्र होइन, जिल्ला कै स्वास्थ्य, शिक्षा, कृषि लगायत सबै क्षेत्रमा तनमन धनले सहयोग पुऱ्याउनु भएको छ । पारिवारीक विरासत थाम्न र जनताको आग्रहमा बुवाको पदचाप पछ्याउँदै राजनीतिमा आएको छु । राजनीति नेतृत्वको कमी हुन नदिन पनि म उम्मेदवारको रुपमा प्रस्तुत भएको हुँ ।

**नगरवासीका लागी तपाईका योजना के छ ?**

म चिकित्सक पेशाबाट आएको हुँ । त्यसैले स्वास्थ्य क्षेत्रको विकास मेरो पहिलो प्राथमिक्तामा रहने छ । यस्तै शिक्षा, कृषि, सडक संजालको विकास निर्माण पनि मेरो उच्च प्राथमिक्तामा रहने छ । भ्रष्टाचार हटाउन र पारदर्शिता कायम राख्न काम गर्ने छु । म जिते कुनै पार्टीको मात्र नभई सबै पार्टी र नगरवासीको साझा नगर प्रमुख बन्ने र सोही अनुसार काम गरेर देखाउने इच्छा छ ।

मैले जिते यस नगरपालिमा ५० शैयाको अस्पताल, हरेक वडामा विषेशज्ञ सहितको स्वास्थ शिवीर, किसानलाई सर्वसुलभ र सस्तो मुल्यमा समयमै मलखाद, विऊ विजनको व्यवस्था, शितभण्डाको स्थापना, सबै वडामा स्वच्छ खानेपानी वितरणको व्यवस्था गर्ने छु । यस्तै आफ्नो कार्यकालमा नगरलाई खुला दिशापिसाब मुक्त नगरको घोषणा, घर घरमा सामाजिक सुरक्षा भत्ता पुऱ्याउने व्यवस्था, प्रत्येक वडामा कालोपत्रे सडकको निर्माण, स्वरोजगारका लागी महिला र युवालाई शिपमुलक तालिम तथा स साना उधोग संचालनका लागी पुजीको सहयोग लगायतका विषेश कार्याक्रमहरु पनि संचालन गर्ने मेरो योजना हुनेछ ।

**जिते पछि यो प्रतिबद्धता पुरा हुन्छ कि चुनावी गफ मात्रै हुने हो ?**

म झुठा आश्वासन बाँड्ने ब्यक्ती होइन । म शुरु मै भनिसके म पैसाका लागी राजनीतिमा आएको छैन । भगवानले सबै कुरा दिएकै छन । म जनताको सेवा गर्ने उदेश्यले राजनितीमा आएकाले जे गर्न सक्छु , त्यही बोल्छु र बोलेको कुरा आफनो कार्याकाल मै पुरा गरेर देखाउने छ । उक्त कुरा मैले सार्वजनिक गरेको घोषणा पत्रमा समेत उल्लेख गरिसकेको छु ।

**जित प्रति कति आशावादी हुनुहुन्छ ?**

म आफ्नो मनले मात्र होइन । जनताको इच्छा र दवावले पनि उम्मेदवार बनेको हुँ । जनताले मलाई उठाएका छन्, जनताले नै मत दिएर जिताउँनेछन । त्यसैले जित प्रति निकै आशावादी छु । डाक्नेश्वरी नगरपालिकालाइ नमुना नगरपालिका बनाउने मेरो र जनताको चाहना पुरा हुन्छ ढुक्क रहनुहोस ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

## तीन तहका सरकारको...

गर्नुपर्छ । राज्यको अहिलेको अर्थतन्त्रका कारणले गर्दा थप धेरै जनशक्ति राख्न समस्या देखिन्छ। त्यसैले ५६ हजार स्वयंसेविकालाई अपग्रेड गरेर परिचालन गर्नुपर्छ । उहाँहरुको शैक्षिक योग्यता पनि तोक्नुपर्छ ।

संघीयतापछि तीन तहको सरकारबीच समन्वयको अभावभन्दा पनि ‘कम्युनिकेसन ग्याप’ भएको हो । अहिले बजेटको विषयमा केन्द्रले ७० प्रतिशत राखेर स्थानीय तहलाई ३० प्रतिशत दिने गरिएको छ । यो उल्टो भयो। हामीले हाम्रो अधिकार छाड्नुपऱ्यो । आत्मनिर्भर हुन स्थानीय तहलाई छाड्नुपऱ्यो । हाम्रो प्राथमिकताको कुरा राख्ने, अपेक्षाको कुरा राख्ने, सूचकमा भइरहेको कामको आधारमा बजेट तथा कार्यक्रम दिने गर्नुपर्छ ।

अब जो जनप्रतिनिधि आउनुहुन्छ स्थानीय तहको नेतृत्व गर्न उहाँहरुले आफ्नो स्थानीय तहको स्वास्थ्यलाई सुधार गर्न र स्वास्थ्यलाई प्राथमिकतामा राख्न सक्नुभयो भने आगामी दिनमा उहाँहरुलाई जनताले भोट र साथ दिने हो ।

स्वास्थ्य सेवा विस्तार गर्ने अधिकार स्थानीय तहलाई छ । उहाँहरुले आफ्नो अधिकार प्रयोग गर्नुपर्छ ।

स्वास्थ्यका सूचकहरु सन् २०१६ बाट घट्दै गयो । सन् २०२१ पछि बल्ल उकालो लाग्यो । अहिले २०२२ मा हामी फेरि सन् १०१६ को अवस्थामा आइपुगेका छौं । अब ट्र्याक लिँदै छ। हामीले लक्ष्य पुरा गर्न धेरै काम गर्नुपर्ने छ ।

स्वास्थ्य मन्त्रालयमा जनप्रतिनिधिहरु आउँदा स्वास्थ्यका सूचकलाई नै हेरेर स्वास्थ्यसुधारका योजना लिएर आउने गरेको पाइँदैन । तर अब आउनुहुन्छ होला । संघीयता कार्यान्वियनको नयाँ अभ्यास भएकाले केही अलमल भएको हो । स्वास्थ्यका धेरै प्राविधिक विषय जनप्रतिनिधिहरुले अझै बुझ्नुभएको छैन । यो बुझाउने काम हाम्रा स्वास्थ्यकर्मीको हो । अहिलेसम्म स्थानीय तहमा स्वास्थ्यलाई ध्यान नदिएकै हो । स्थानीय तहको अस्पतालमा ८ औं तहको मेडिकल अफिसर छ । तर पालिकाको स्वास्थ्य शाखामा छैटौं तहको स्वास्थ्यकर्मी हुन्छ । यसले पनि समस्या ल्याएको देखियो। संगठन संरचनामा केही सुधार गर्नुपर्ने देखिएको छ ।

समग्रमा हेर्दा स्थानीय तहमा कामहरु पछिल्ला दिनमा राम्रो हुँदै गएको देखिन्छ । जसरी महामारीको समयमा स्वास्थ्यका विषयमा तीन वटै तहका सरकारबीच समन्वय भएर काम अगाडि बढ्यो । त्यसैगरी स्वास्थ्यका विषयमा महामारी बाहेकको समयमा पनि काम अगाडि बढ्नुपर्छ । ( रिता लम्सालसँगको कुराकानीमा आधारित) स्वास्थ्य खबरबाट

## अज्ञात हतियारधारी ...

नकावधारी समूहले सुन चाँदीका गहना लुटेर लगेको उनले बताए ।

यता पीडित परिवारजनले भने करिब ५० लाख रुपैयाँ बराबरको नगद र गरगहना लुटेर लगेको दाबी गरेका छन् । सुरुङ्गाको यो घट्नाले स्थानीय तहको निर्वाचनको बेला सुरक्षा चुनौती थपिएको स्थानीयहरु बताउँछन् ।

डकैतीबारे प्रहरीले अनुसन्धान गरी रहेको इलाका प्रहरी कार्यालय कडरवोनाले जनाएको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*